निर्वाचन आयोग, नेपाल

## संम्वत् २०८२ साल माघ ११ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य पदको निर्वाचनका लागि उम्मेदवारले मनोनयन पत्र दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरुः-

राष्ट्रिय सभा सदस्य निर्वाचनका उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ र राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ बमोजिम राष्ट्रिय सभा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवारको मनोनयन पत्र दर्ता गर्दा देहाय अनुसारका कागजात पेश गर्नेः-

देहायः

(क) उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मतदाता नामावली ऐन, २०७३ बमोजिम कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ग) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६३ बमोजिम दश हजार रुपैयाँ धरौटी जम्मा गरेको रसिद वा भौचर,

तर महिला, दलित वा अल्पसंख्यक समुदाय वा आर्थिक रुपले विपन्न उम्मेदवारको हकमा सो धरौटी रकममा पचास प्रतिशत छुट हुनेछ। साथै आर्थिक रुपमा विपन्न भएको भनी सम्वन्धित स्थानीय तहले सिफारिस गरेको सिफारिसपत्र संलग्न हुनु पर्नेछ।

(घ) दलको उम्मेदवारको हकमा राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा १७ बमोजिमको उम्मेदवार मनोनयनको औपचारिक पत्र,

(ङ) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको पदको लागि उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

(च) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको पदको लागि उम्मेदवारी दिने अपाङ्गता भएको व्यक्तिले नेपाल सरकारको अधिकारप्राप्त निकायले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अल्पसंख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा प्रचलित कानून बमोजिम अधिकारप्राप्त निकायले दिएको अल्पसंख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

प्रेमराज भट्ट
निमित्त प्रदेश निर्वाचन अधिकारी

(छ) प्रस्तावक र समर्थकको नाम, सम्बन्धित प्रदेशसभाका सदस्य तथा सम्बन्धित प्रदेशभित्रको गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख वा उपप्रमुख समावेश भएको निर्वाचक मण्डलको मतदाता नामावलीमा नाम दर्ता भएको व्यहोरा खुल्ने प्रमाण,

(ज) मतदाता नम्बर,

(झ) उम्मेदवारको सम्पत्ति विवरणः-

(१) घर संख्याः-

(२) घर रहेको स्थानः-

(३) जग्गाको विवरण (जिल्ला, गाउँपालिका/नगरपालिका, वडा नं., कि.नं., क्षेत्रफल):-

(ञ) कुनै संघीय कानूनले अयोग्य नभएको भनी गरेको स्वघोषणा पत्र,

(ट) कुनै लाभको पदमा बहाल नरहेको भनी गरेको स्वघोषणापत्र,

(ठ) उम्मेदवारी दिँदा कुनै लाभको पद वा निर्वाचित पदमा बहालवाला पदाधिकारी भए निजले बहाल रहेको पदबाट राजीनामा दिएको दर्ताको निस्सा,

(ड) सम्बत् २०७९ सालको प्रदेशसभा सदस्य निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीबाट नाम फिर्ता लिएको आयोगको पत्रको प्रतिलिपि,

(ढ) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा १२ बमोजिमको कुनै अयोग्यता नभएको घोषणापत्र,

(ण) उम्मेदवार आफै वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकबाट सहिछाप गरिएको उम्मेदवारको मनोनयनपत्र,

प्रचलित कानून बमोजिमको योग्यता पुगेको व्यक्तिले मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ नियम ९ बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको एक जनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहिछाप गरेको हुनु पर्दछ।

(त) उम्मेदवारले प्रतिनिधि मुकरर गरी मनोनयनपत्र दर्ता गराउन चाहेको भए राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ को अनुसूची-१५ बमोजिमको प्रतिनिधि मुकरर पत्र।

(थ) दलको तर्फबाट उम्मेदवार मनोनयनको औपचारिक पत्र प्रदान गर्ने त्यस्तो दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको पदाधिकारीलाई तोकिएको पत्रको प्रतिलिपि।

(द) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५, राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६ र राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ मा उल्लिखित अन्य प्रावधान र कार्यविधि पूरा गरेको हुनुपर्नेछ।

प्रेमराज भट्ट
निमित्त प्रदेश निर्वाचन अधिकारी